# वीरगञ्जको पत्रकारिता : नामभन्दा बदनाम बढी

सुजित महत

## पृष्ठभूमि

नेपाली पत्रकारितामा विकृतिको पर्याय बनेको छ, वीरगञ्जको पत्रकारिता। पत्रकारितामा विकृतिको चर्चाको सुरुआत वीरगञ्जको पत्रकारिताबाटै हुन्छ। मोटोघाटो वीरगञ्जको पत्रकार भेटियो भने अन्यत्रका सञ्चारकर्मी व्यङ्ग्य छेड्न पछि पर्दैनन्, 'साथी, कमाइले जीउ लागेछ' भन्दै। यद्यपि, अवैध आम्दानीको सोझो सम्बन्ध शरीरको मोटोपनसित छैन। फेरि अन्यत्रका सञ्चारकर्मी सबै ख्याउटे पनि छैनन्, न त वीरगञ्जका सबै नै मोटाइबाट ग्रस्त।

वीरगञ्जबाहिर पुगेका बेला सहधर्मीहरूसित बसेर खाएको चियानास्ताको बिल तिर्न खोज्दासमेत पैसा कमाउने ठाउँको मान्छेको रूपमा कटाक्ष सहनु यहाँका सञ्चारकर्मीको नियति हो। अन्यत्रका सञ्चारकर्मीले गर्दा चर्चा नहुने व्यवहार वीरगञ्जका पत्रकारले गर्दा चाहिँ टीकाटिप्पणीको विषय हुन्छ। वीरगञ्जको पत्रकारिता भन्नासाथ मुलुकभरि नाक खुम्च्याउने गरिन्छ। अरू त अरू, राजधानीबाट चर्नकै लागि वीरगञ्जसम्म पुग्नेहरू पनि यहाँको पत्रकारितालाई सत्तोसराप नगरी रहन सक्तैनन्।[1]

आखिर राष्ट्रव्यापी बदनामी खप्नुपर्ने त्यस्तो के छ वीरगञ्जको पत्रकारितामा भन्ने कुरालाई यो लेखमा केलाउने प्रयास गरिएको छ। यो लेख लामो समयदेखि वीरगञ्जमा पत्रकारिता गरिरहेका साथीहरूसितको कुराकानी तथा आफ्नै झण्डै पाँच वर्षको अवलोकनमा आधारित छ।

---

१ आफ्नो कार्यथलोभन्दा टाढाटाढा सम्म पुगेर, भ्रष्टाचार हुने भनेर कहलिएका कार्यालयमा नगदी/जिन्सी माग्दै हिँड्ने कामलाई चर्न हिँड्ने भनिएको हो।

विकृति मात्र वीरगञ्जीया पत्रकारिताको विशेषता होइन, यसका थुप्रै सबल पक्ष पनि छन् । तर यसलेखमा सबल पक्षभन्दा विकृतिको पाटोलाई बढी उधिन्ने प्रयास गरिएको छ । यसको कारण यहाँको पत्रकारिताको हुर्मत लिनु नभई सुधारतर्फ प्रेरित गर्नु नै हो । अन्य क्षेत्रको विकृतिबारे लेख्न हामी सञ्चारकर्मी जति सक्रिय छौँ, आफ्नै बारेमा लेख्न त्यत्तिकै उदासीन । आफ्नै पेशा, पेशाकर्मीबारे के लेख्नु भन्ने भावनाबाट आम पत्रकार ग्रस्त छन् । अरूको हुर्मत लिन पछि नपर्ने वीरगञ्जका सञ्चारकर्मीबीच पनि सहधर्मीले गरेका कर्तुतहरू आपसी गफगाफमै सीमित हुने गरेका छन् । यसरी आफ्नो पेशाका नकारात्मक कुरामा कलम चलाउन कञ्जुस्याइँ गरिरहने हो भने विकृतिले अझ फस्टाउने मौका पाउँछ र त्यसको दुष्परिणाम सम्पूर्ण नेपाली पत्रकारिता जगतले भोग्नुपर्ने भएकाले आफ्नै पेशाका विकृति कोट्याउने जोखिम मोलिएको हो ।

## वीरगञ्जमा मिडिया

आठ सालमा श्यामप्रसाद शर्माको सम्पादन-प्रकाशनमा निस्केको *सेवा* मोफसलको पहिलो पत्रिका मानिएकाले वीरगञ्ज मोफसल पत्रकारिताको जन्मभूमि पनि हो । श्यामप्रसादकै सम्पादनमा २०१० सालमा *जनमत* साप्ताहिक प्रकाशित भएको थियो भने त्यसैताका *बिगुल* नाम गरेको पत्रिका पनि पाठकसामु आएको थियो । २०१३ सालमा गोपालचन्द्र गोतामेको सम्पादनमा *जुनेली* प्रकाशन भएको थियो, तर निरन्तरता दिन नसकेका उपरोक्त पत्रिकाहरूले प्रकाशकको पत्रिका निकाल्ने सोख मात्र पूरा गर्न सके । बरु *मातृभूमि* साप्ताहिकको स्तम्भकारका रूपमा गोपालचन्द्र गोतामे नेपाली पत्रकारिताले बिर्सन नसक्ने हस्ताक्षर बन्न पुगे । पञ्चायतकालमा गोविन्द वियोगीले *मातृभूमि* साप्ताहिकको प्रकाशन वीरगञ्जबाटै सुरुआत गरेका थिए । २०२७ सालमा प्रकाशन सुरु भई २०५२ सालसम्म अस्तित्वमा रहेको *अचेल* वीरगञ्जको लामो समय बाँच्ने सौभाग्य पाउने पत्रिका हो (झा २०५८) ।

तर, उपरोक्त पत्रिकाहरू जिल्ला प्रशासन कार्यालयको अभिलेखमा छैनन् । त्यहाँको अभिलेखमा २०३५ सालमा ज्ञानबहादुर बस्नेतको सम्पादनमा निस्केको *मालिङ्गो* दर्ता नम्बर १ मा रहेको छ । २०४४ सालमा साप्ताहिकको रूपमा यात्रा सुरु गरी २०५३ सालदेखि दैनिकमा रूपान्तरित भएको *प्रतीक* वीरगञ्जको जेठो दैनिक हो । पर्सा जिल्लामा अहिलेसम्म १९१ पत्रिका दर्ता भैसकेको अभिलेख छ । साप्ताहिक १२५ ओटा, पाक्षिक २४, दैनिक २२, मासिक ११, त्रैमासिक ७, द्वैमासिक १ र अर्द्ध साप्ताहिक १ दर्ता भएका छन् । यीमध्ये

अधिकांश दर्ता मात्र भएका छन्, प्रकाशित हुँदैनन् । प्रेस काउन्सिलको २०६३ सालको वर्गीकरणमा वीरगञ्जका २७ ओटा पत्रिकाले मात्र ठाउँ पाउनुले पनि यही कुरा प्रस्ट गर्छ ।

२०६३ वैशाख ११ अघिसम्म एउटा मात्र एफएम रेडियो– रेडियो वीरगञ्ज- सञ्चालनमा थियो । तर त्यसपछि एफएम सञ्चालनको प्रतिस्पर्धा सुरु भएको छ । नारायणी एफएम र गढीमाई एफएम नियमित प्रसारणमार्फत श्रोतासामु घन्किरहेका छन् । २०६३ फागुन ७ देखि इन्द्रेणी एफएम परीक्षण प्रसारणमा छ । एफएमहरूले श्रोता आकर्षित गर्ने हतियार समाचारलाई नै बनाएका छन् । मधेश आन्दोलनताका स्थानीयवासीको खबरको तिर्सना मेट्न निकै हदसम्म सफल रहे, यहाँका एफएम स्टेसन ।

पर्सा, बारा र रौतहटको भोजपुरीभाषी क्षेत्रका साथै सीमावर्ती भोजपुरीभाषी भारतीयलाई लक्षित गरी एफएमले क्रमशः भोजपुरी भाषालाई महत्त्व दिँदै लगेका छन् । तीनओटै एफएमले दैनिक तीन-तीनओटा भोजपुरी समाचार बुलेटिन प्रसारण गरिरहेका छन् । भोजपुरी भाषामा मनोरञ्जनात्मक, शिक्षामूलक कार्यक्रमको समय पनि बढ्दै गएको छ ।

रेडियो वीरगञ्जले बिहान ६ देखि राति ११ बजेसम्म प्रत्येक घण्टा समाचार प्रसारण गर्छ भने नारायणी एफएमले दैनिक छओटा बुलेटिन दिने गर्दछ । एफएमहरूबीच 'सबसे तेज' बन्ने प्रतिस्पर्धा छ । वीरगञ्ज सहरभित्र बाहिरका एफएम प्रसारणहरू सुनिँदैनन् । तर पश्चिमतिरको ग्रामीण भेगमा चितवनका सिनर्जी र कालिका एमएफ सुनिन्छन् र लोकप्रिय समेत छन् । कतै कतै भने राजधानीबाट प्रसारण हुने एफएम पनि सुनिने गरेको छ ।

स्थानीय एफएम स्टेसनको बजार सीमा पारिसम्म फैलिएको छ । सीमावर्ती भारतीय बजार रक्सौलमा वीरगञ्जका एफएम प्रसारण घन्किरहेको सुन्न पाइन्छ । सीमाबाट ६० किलोमिटर परको मोतिहारी बजारसम्मका भारतीयले वीरगञ्जीया एफएमका भोजपुरी कार्यक्रम सुन्ने गरेको दावी एफएम सम्बद्धहरूको छ । त्यहाँसम्म बजार प्रवर्द्धन नगरेकोले विज्ञापन भने सीमावर्ती बजार रक्सौलबाट मात्र आइरहेको उनीहरू बताउँछन् ।

एक हिन्दी सहित ११ दैनिकको प्रकाशन नियमित छ । स्थानीय सञ्चारकर्मीबीच कुनै बेला राजधानीबाट प्रकाशित हुने पत्रिकाको संवाददाता हुन होडबाजी चल्थ्यो । खास गरी काठमाडौँबाट प्रकाशित हुने पत्रिका 'राष्ट्रिय' मानिने र तिनका संवाददताले पनि 'राष्ट्रिय पत्रकार' का रूपमा मान्यता पाउने हुँदा साप्ताहिक नै भए पनि राजधानीबाट प्रकाशित हुने अखबारप्रति पत्रकारहरूको

विशेष आकर्षण थियो । तर वीरगञ्जमै दैनिक अखबार सञ्चालनको प्रतिस्पर्धा सुरु भएपछि त्यो आकर्षण घटेको छ ।[२] राजधानीबाट प्रकाशित हुने राष्ट्रिय दैनिक र टेलिभिजन च्यानलको स्थानीय तहमा पनि राम्रो प्रभाव भएकाले तीप्रतिको मोह चाहिँ अद्यापि कायमै छ ।

पछिल्लो समयमा दुई/तीन सञ्चारकर्मी मिलेर दैनिक अखबार सञ्चालन गर्ने लहर आएको छ । अखबारहरूको आर्थिक अवस्था भने दयनीय छ । व्यापारिक क्षेत्रले पत्रपत्रिकामा लगानी गर्ने चासो देखाएको छैन । *प्रतीक*बाहेकका अखबारसित प्रेस छैन । यसले आफ्नो सर्कुलेसन पाँच हजारको हाराहारीमा भएको दाबी गरेको छ । बाँकी अखबारहरू ५०० देखि १५०० प्रतिसम्म छापिन्छन् । *प्रतीक* बाहेकका अखबारको वितरण वीरगञ्ज र आसपासका बजारसम्म सीमित छ । ५० किलोमिटर परको हेटौँडासम्म पनि ती अखबार पुग्दैनन् । प्रकाशक/सम्पादक सधैँ कागज कसरी किन्ने, प्लेट कसरी जुटाउने भन्ने चिन्तामा भेटिन्छन् । स्थानीय पत्रिका पढ्दा पत्रकारितालाई हलुका रूपमा लिइएको अनुभूति हुन्छ । पत्रकारहरूमा पेशाको आधारभूत ज्ञानको कमी छ ।

खोजतलास अनलाइन डट कम, स्वतन्त्र समाचार सेवा, फ्री नेपाल डट कम लगायतका अनलाइन सेवाले पत्रकारलाई हदैसम्म अल्छी बनाइदिएका छन् । राससको बुलेटिनमा नपाइने चटपटा खबर[३] अनलाइनमार्फत सित्तैमा उपलब्ध भएकाले पत्रिकाको पेज भर्न सजिलो भएको छ । पहिलो पेजमै वीरगञ्ज डेटलाइन बत्ती बालेर खोज्नुपर्ने अवस्था सिर्जना गरेका छन् यी अनलाइन सेवाले सम्पादकीय समेत सापटीमै चल्न थालेको छ । अनलाइनले दिएको एउटै सम्पादकीय एकभन्दा बढी अखबारमा छापिन थालेको छ । २०६३ फागुन २९ गते खोजतलास अनलाइन डटकममा प्रकाशित नयाँ सम्झौता गरौँ त्यसको कार्यान्वयन चाहिँ ...? शीर्षकको सम्पादकीय भोलिपल्टको *बाइपास* दैनिकमा शीर्षक सहित हुबहु तथा *सत्यसन्देश, पर्सा एक्सप्रेस* र *अंकुश* दैनिकमा शीर्षक मात्र परिवर्तन गरेर हुबहु सम्पादकीयका रूपमा छापिएको छ । यस्तो कार्यमा संलग्न भइनसकेको *प्रतीक* दैनिकमा पनि सम्पादकीय यदाकदा दोहोरिने गरेको छ ।

---

[२] नेपाल पत्रकार महासङ्घको पर्सा शाखा सभापति शत्रुघन नेपालसित २०६३ फागुन ३० गते भएको कुराकानीमा आधारित ।

[३] सामान्य पाठकलाई आकर्षित गर्ने यौन, भ्रष्टाचार, मनोरञ्जन र अपराध बारेका हल्काफुल्का समाचारलाई यहाँ 'चटपटा खबर' भनिएको हो । उदाहरणका लागि २०६३ फागुन ३० गते वीरगञ्जका सबैजसो दैनिकले 'भ्रष्ट मन्त्री गोपालमानको जागिर सहसचिवले खाइदिने' शीर्षकको समाचार साभार गरेका थिए ।

## नकारात्मक प्रवृत्तिहरू

व्यापारी-व्यवसायी तथा राजस्व असुल गर्ने सरकारी कार्यालयका कर्मचारीसित पैसा माग्ने र नदिनेका विरुद्ध तथानाम लेख्ने चलन वीरगञ्जमा व्यापक छ। यद्यपि, यो वीरगञ्जको मात्र नभई नेपाली पत्रकारिताकै साझा प्रवृत्ति हो। यसरी लेख्दा अनियमितताको तथ्यगत रिपोर्टिङभन्दा पनि तथानाम गालीगलौजमै जोड दिने गरिएको छ। जस्तो भ्रष्टाचार अथवा तस्करी/कालोबजारीको रिपोर्टिङ गर्दा त्यो काम धन्दा कसरी भइरहेको छ भन्दा पनि व्यक्ति विशेषलाई बदनाम, लिच्चड, घटिया, भ्रष्टाचारी जस्ता शब्दले विभूषित गर्ने गरिएको छ। बदनाम तस्कर, लिच्चड व्यापारी, भ्रष्टाचारी हाकिम आदिआदि।

पत्रकारको माग पूरा नगरेकै कारण स्थानीय पत्रपत्रिकाबाट आइएसआईको एजेन्ट, देशद्रोही जस्ता पगरी पाउनेको सङ्ख्या पनि उल्लेखनीय छ। २०६३ साल मङ्सिरको पहिलो र दोस्रो हप्ता पत्रकार गोपाल देवकोटाले स्थानीय ग्यालेक्सी बोर्डिङ स्कुलको सञ्चालक इला हल्दरसित भारतीय राजदूतको जात (बङ्गाली) मिलेकै कारण वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले सो स्कुलको भवन बनाउन ४० लाख रुपियाँ प्रदान गरेको, महावाणिज्य दूतावासले दसैँ कोसेलीको रूपमा रक्सी वितरण गरेर फजुल खर्च गरेको लगायतका समाचार/लेख *बाइपास* दैनिकमा लेखे। त्यसको जवाफमा यहीँको हिन्दी दैनिक *देश की आवाज*ले देवकोटालाई आईएसआईको एजेन्ट भनेर लेख्यो। देवकोटाले २०६३ साल मङ्सिर १३ गते *देश की आवाज* विरुद्ध गाली बेइज्जती मुद्दा दर्ता गरेपछि पनि उसले देवकोटामाथि आईएसआईको एजेन्ट लगायतका थुप्रै आरोप लगाउँदै समाचारहरू छाप्यो, जुन क्रम अझै जारी छ। यस्तो समाचार प्रकाशित हुनुअघि देवकोटाका बारेमा समाचार आउँदैछ भनेर केही दिनअघिदेखि पत्रिका सूचनासमेत जारी गरिन्थ्यो।

## *अस्वस्थ प्रतिस्पर्धा*

वीरगञ्जमा दैनिक अखबारको सङ्ख्यासँगै अस्वस्थ प्रतिस्पर्धा पनि बढ्दै गएको छ। खास गरी एउटा अखबारलाई विज्ञापन दिएकै कारण विज्ञापनदाता बाँकी अखबारको निसानामा पर्नु अस्वाभाविक ठानिँदैन। २०६३ फागुन २ गतेदेखि सहरमा सेवा सुरु गरेको युनाइटेड टेलिकम लिमिटेड (यूटिएल) यस्तै प्रवृत्तिको सिकार भयो। दुईओटा स्थानीय दैनिक अखबारमा मात्र विज्ञापन दिएका कारण उसको सेवाको बारेमा नकारात्मक समाचारहरू तीनओटा दैनिकले मुख्य समाचारका रूपमा एकै दिन प्रकाशन गरे। *प्रतीक* र *प्रतिबिम्ब* दुई दैनिकमा

विज्ञापन प्रकाशन भएपछि अन्य दैनिकले आफूले पनि विज्ञापन पाउनुपर्ने दाबी गरेका थिए । तर युटिएलले यतिका अखबारलाई विज्ञापन दिन असमर्थता जनाएपछि सबै उसका विरुद्ध खनिए । त्यस्तै, एउटा अखबारमा महालक्ष्मी फाइनान्स कम्पनीको विज्ञापन प्रकाशन भएकै कारण अर्को अखबारमा सो कम्पनीमा राखिएको बचतकर्ताको रकम डुब्ने भन्ने समाचार ब्यानर न्यूजको रूपमा छापिएको थियो । यस्तो प्रवृत्तिले वातावरण कति प्रदूषित तुल्याएको छ भने थुप्रै साहु महाजनले विज्ञापन माग्न जाने सञ्चारकर्मीलाई 'विज्ञापन नछाप्नोस् बरु पैसा लिएर जानोस्' भनेर बन्द खाम दिने गरेका छन् ।

गुपचुप विज्ञापन/सहायता लिने दिने धन्दाले वीरगञ्जमा संस्थागत रूप नै लिइसकेको छ । प्रेस काउन्सिल नेपालको एकतीसौँ वार्षिक प्रतिवेदनअनुसार पर्सा जिल्लाबाट २८ ओटा यस्ता साप्ताहिक छापिने गरेका छन् जो आपसमा हुबहु मिल्छन् (प्रेस काउन्सिल नेपाल २०६३: २५४-२५५) । कसै कसैले आफ्नै समाचार दोहोऱ्याएका भए पनि यसरी एक अर्कासँग हुबहु मिल्ने पत्रिका यस जिल्लाबाहेक नेपालमा कहीँबाट पनि छापिँदैनन् । यस्ता पत्रिका कहिल्यै बजारमा ल्याइँदैनन्; विज्ञापन दिने साहु, व्यापारिक फर्म, सङ्घसंस्था र सरकारी निकायहरू तथा सरकारी अनुदान प्राप्त गर्न रेकर्ड राखिनुपर्ने प्रेस काउन्सिल जस्ता संस्थाहरूमा मात्र पुऱ्याइन्छन् । यिनलाई असली भूमिगत पत्रिका भन्दा फरक पर्दैन ।

विज्ञापन दिनेलाई मात्र होइन, सञ्चारगृहमा लगानी गर्नेलाई पनि त्यसबापत विवादमा पार्ने गरिएको छ । नारायणी एफएममा लगानी गरेकै कारण एकजना व्यापारी केही सञ्चारकर्मीको आँखाको कसिङ्गर बन्न पुगे । पाँच वर्षअघि स्थानीय दैनिक पत्रिकामा लगानी गर्दा एक व्यापारीलाई त्यसैगरी विवादमा मुछिएको थियो ।

एफएम स्टेसन बढ्दै गएपछि विज्ञापनको अस्वस्थ प्रतिस्पर्धा पनि बढ्न थालेको छ । रेट घटाएर अर्काको विज्ञापन खोस्न गलाकाट प्रतिस्पर्धा सुरु भएको छ । एक वर्षअघिको तुलनामा २०६३ सालको अन्त्यतिर आइपुग्दा विज्ञापनको दर ५० प्रतिशत घटिसकेको छ । प्रतिस्पर्धी स्टेसनको 'ग्राहक' को विज्ञापन रेटको २५ प्रतिशत मूल्यमै प्रसारण गरिदिने प्रतिस्पर्धा एफएमबीच चालू छ । अर्को उल्लेखनीय कुरा के भने, एफएमका मुख्य लगानीकर्ता व्यापारी, नेता आदि भए पनि सानोतिनो पैसा हालेर सञ्चारकर्मी समेत लगानीकर्ताका रूपमा सामेल भएका छन् । लगानीकर्ता पत्रकार स्वयं विज्ञापन खोज्न हिँड्ने र एक-चौथाइ मूल्यमा विज्ञापन बजाएर आफ्नै खुट्टामा बञ्चरो हान्ने अनौठो परिदृश्य वीरगञ्जमा देखिन्छ ।

पत्रकारहरूबीचको प्रतिस्पर्धा कुट्ने-कुटाउने तहसम्म पुगेको २०६३ साल माघको मधेश आन्दोलनताका देखियो। आन्दोलनका क्रममा माघ १३ गते फोटो पत्रकार राम सर्राफ, *वीरगञ्ज रिपोर्ट* दैनिकका प्रबन्ध निर्देशक ध्रुव साह र संवाददाता भुवन झाले कुटाइ खाए। रेडियो वीरगञ्ज र नेपाल पत्रकार महासङ्घको पर्सा शाखा कार्यालयमा आक्रमण भयो। खोजीखोजी आक्रमण गर्न थालिएपछि छोटो समयका लागि केही पत्रकार विस्थापित भए भने दर्जनौं भूमिगत हुन बाध्य बनाइए। महासङ्घका शाखा सभापति शत्रुघन नेपालका अनुसार सडकमा रहेको अराजक भीडलाई पत्रकार कुट्न उक्साउने काममा आन्दोलनमा सामेल केही पत्रकारहरू सक्रिय रहेकोले यस्तो अवस्था सिर्जना भएको थियो। सञ्चारकर्मीमाथि आक्रमण गराएको आरोपमा, आफूलाई *जनसत्ता* साप्ताहिकको संवाददाता बताउने विद्यार्थी गिरी पक्राउ परे भने नेहाल खान फरार भए।

त्यस्तै, *सण्डे टाइम्स* अर्द्ध साप्ताहिकले पत्रकार सुजित महत र गोपालराज देवकोटा मिलेर मधेश आन्दोलन दबाउने षड्यन्त्र गरेको भन्ने समाचार माघ १४ गतेको अङ्कमा प्रकाशित गरेको थियो। भीडले आक्रमण गरोस् भन्ने बदनियतले नै यस्तो मनगढन्ते समाचार प्रकाशित भएको थियो।

## *अदालतमा पत्रिका*

वीरगञ्जीया अखबारका पाना पल्टाउँदा सम्पादक/प्रकाशकविरुद्ध अदालतमा मुद्दाको थुप्रो नै लागेको हुनुपर्छ जस्तो लाग्छ। तर वास्तविकता त्यस्तो छैन। पर्सा जिल्ला अदालतमा अहिले (२०६३ फागुन १६ गतेसम्म) पत्रिकाविरुद्ध जम्माजम्मी ६ ओटा मुद्दा चलिरहेका छन्। कानून व्यवसायी दिनानाथप्रसाद साहले लेनदेनको विवादमा आफूविरुद्ध समाचार प्रकाशित गर्ने चार अखबारविरुद्ध छुट्टाछुट्टै मुद्दा दर्ता गरेपछि पत्रिकाविरुद्धको मुद्दाको सङ्ख्याले आधा दर्जनको आँकडा छोएको हो। एउटा मुद्दा सञ्चारकर्मी (महासङ्घका पर्सा शाखा उपसभापति गोपालराज देवकोटा) ले नै दायर गरेका हुन्।

वर्षौंको अदालती लफडापछि पनि क्षतिपूर्ति नपाइने पत्रकारलाई दिइने सजाय हास्यास्पद हुने भएकाले समेत आफूविरुद्ध जस्तोसुकै आपत्तिजनक गालीगलौज गरे पनि मुद्दा दर्ता नगरिएको हो भन्ने स्थानीय व्यवसायीहरूको भनाइ छ। उदाहरणका लागि, नेशनल मेडिकल कलेजका अध्यक्ष जैनुद्दीन अन्सारी विरुद्ध *अंकुश* दैनिकको मुद्दामा पर्सा जिल्ला अदालतले गाली बेइज्जती ठहर गर्दै २०६३ पुसमा ५ रुपियाँ जरिवानाको फैसला सुनाएको थियो। फैसलामा अदालतले

अखबारका प्रबन्ध निर्देशक, प्रकाशक, प्रधान सम्पादक र सम्पादकलाई जनही १ रुपियाँ २५ पैसा जरिवाना गर्ने उल्लेख छ ।

अदालती लडाइँ गर्नु सञ्चारकर्मीसँग स्थायी दुश्मनीको जोखिम मोल्नु हो । त्यस्तो जोखिम मोलेर अदालत पुग्दा र वर्षौंसम्म मुद्दा लडेर जित्दा पनि यस्तै खालको सजाय हुने कारणले व्यवसायीहरू पत्रिकाले जे छापे पनि चूपचाप बस्ने मात्र होइन, बरु पत्रकारलाई खुशी पारेर थप समाचार प्रकाशित हुनबाट रोक्न अग्रसर हुने गरेका छन् ।

## विकृतिका कारणहरू

कुनै पनि ठाउँमा मौलाएको जुनसुकै पेसा/व्यवसाय त्यहाँको समाजसापेक्ष हुन्छ । वीरगञ्जको पत्रकारिता पनि यहाँको सामाजिक परिवेश विपरीत हुने आस गर्नु मनासिब हुँदैन । अब वीरगञ्जको सामाजिक परिवेशको कुरा गरौं । 'गेट वे अफ नेपाल' को नाम पाएको वीरगञ्ज मुलुकको प्रमुख नाका एवं औद्योगिक/व्यापारिक सहर हो । बन्द व्यापारको लागि प्रख्यात यस सहरको व्यापार वास्तवमा बन्द नै छ, पारदर्शी ठ्याम्मै छैन । मुलुकको प्रमुख बजार काठमाडौँ र पोखराबाट नजिकैको नाका भएकोले वीरगञ्जमा तस्करी खुबै फस्टाएको छ ।

'मलाई दुई पैसा कमाओस् भनेरै यहाँ पठाइएको हो' वीरगञ्ज आएका अधिकांश सरकारी कर्मचारी यस्तै मानसिकताका साथ 'राष्ट्रसेवक' को जिम्मेवारी पूरा गरिरहेका हुन्छन् । नेपाल प्रहरीको सिपाहीले समेत शक्तिकेन्द्रको आशीर्वाद प्राप्त नगरी अथवा दुर्गम जिल्लामा दुःख नगरी पर्सा जिल्लामा पोष्टिङको सपना देख्न सक्तैन ।

सहर त सहर भइहाल्यो, पर्सा जिल्लाको त ग्रामीण भेगमा पनि गाँजा खेतीमार्फत ठूलो परिमाणमा अवैध रकम भित्रिन्छ । वर्षेनी एक-डेढ अर्ब रुपियाँको वारपार हुने[४] गाँजा खेतीलाई जिल्लाको प्रमुख नगदेबाली भन्दा फरक पर्दैन भने धेरथोर अफिम खेती पनि यहाँ भित्रिएको छ । सरकारबाटै संरक्षित गाँजाको 'तिरो' बुझाउन सदरमुकाम आउने दलालहरू सञ्चारकर्मी/स्थानीय सञ्चारगृहमा पुग्ने गरेको कसैबाट लुकेछिपेको छैन । यसरी, सहरदेखि गाउँका कुनाकाप्चा सम्म अवैध सम्पत्ति ओइरिने ठाउँको पत्रकारिता पनि त्यसै अनुसारको हुनु त्यति अस्वाभाविक होइन ।

---

[४] २०६२ सालको सिजनमा पर्सा जिल्लाको ५० हजार हेक्टर खेतीयोग्य जमिनमध्ये १० प्रतिशत भूमिमा गाँजा खेती भएको जिल्ला कृषि विकास कार्यालय, पर्साको अनुमान थियो । प्रति कट्ठा जग्गामा औसत ३० किलोग्राम गाँजा फल्छ । त्यसवर्ष गाँजाको मोल प्रति किलोग्राम ४ देखि ५ सय रुपियाँ थियो ।

## ***असङ्ख्य पत्रकार***

वीरगञ्जका पत्रकारलाई मैले दुई श्रेणीमा विभाजन गरेको छु– लेख्ने (कलम चल्ने) पत्रकार र नलेख्ने (मुख चल्ने) पत्रकार स्थानीय होस् वा काठमाडौँबाट निस्कने पत्रपत्रिका अथवा एफएम रेडियोमा आबद्ध पत्रकार, जो जस्तोसुकै र जेसुकै लेखे पनि लेख्छन्, कलम चल्ने पत्रकार हुन् । समाचार कहिल्यै नलेखे पनि पत्रकार कहलिएकाहरू भने नलेख्ने पत्रकार हुन् । पत्रकारको परिचयपत्र बोकेर सुराकी गर्ने, व्यापारी-व्यवसायीसँग र कमाउ कार्यालयमा पैसा माग्दै हिँड्नेहरू यो कोटिमा पर्छन् । यसरी परिचय पत्रकै भरमा जीविकोपार्जन गर्नेहरू वीरगञ्जमा दर्जनौँ छन् ।

छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावली २०४९ ले स्नातक भएमा सम्पादक हुन पत्रकारिताको अनुभव नचाहिने व्यवस्था गरेको छ । त्यो प्रावधानका कारण सम्पादक बनाइएकाहरू पनि नलेख्ने पत्रकार नै हुन् । सम्पादकका रूपमा स्नातक पास गरेको व्यक्तिलाई उभ्याएर पत्रिका चाहिँ कम योग्यता भएको व्यक्तिले चलाउने प्रचलन वीरगञ्जमा अत्यधिक छ । नियमावलीअनुसार प्रवेशिका उत्तीर्णको हकमा सम्पादक हुनलाई १० वर्षको अनुभव आवश्यक पर्छ ।[५] पत्रकारितामा संलग्न नभए पनि सम्पादकको पगरी भिरेर गजक्क फुल्ने अवसर पाउनेमा शिक्षण पेशामा रहेकाहरू बढी छन् । यस क्रममा एउटै 'अनुकूल' व्यक्तिले फरक-फरक प्रकाशकको नाममा दर्ता रहेका थुप्रै पत्रिकाको सम्पादक बन्ने अवसर पाएको देखिन्छ ।[६]

---

५ छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावली, २०४९ को दफा १५ (१) (क) र (ख) ।

६ उदाहरणका रूपमा *मण्डे टाइम्स* साप्ताहिक, *वीरगञ्ज पोष्ट* साप्ताहिक, *वीरगञ्ज टुडे* पाक्षिक, *पर्सा एक्सप्रेस* साप्ताहिक, *द क्राइम रिपोर्ट* साप्ताहिक, *सण्डे टाइम्स* अर्द्ध साप्ताहिक र *नेपाल होमियो जनरल* मासिकसमेत सातओटा पत्रिकाको सम्पादकमा गणेश साहको नाम उल्लेख छ । त्यस्तै कल्याण हाडा पनि सातओटा पत्रिका *कल्याण* त्रैमासिक, *दर्पण* साप्ताहिक, *समाचार सङ्गम* साप्ताहिक, *तराई सन्देश* साप्ताहिक, *सर्वपक्ष* साप्ताहिक, *नव शुभारम्भ* साप्ताहिक र *प्रत्यक्ष* दैनिकको प्रकाशक/सम्पादक छन् । विजयप्रकाश विनलाई सम्पादक बनाई दर्ता भएका सातओटा पत्रिका दैनिक *फैसला*, *सीमा* मासिक, *प्रत्यक्ष वाणी* साप्ताहिक, *जनसमिति* साप्ताहिक, भोजपुरी दैनिक *आजुके आवाज* र भोजपुरी साप्ताहिक *सगुन* हुन् । *पर्सा आवाज* साप्ताहिक, *तराई आवाज* साप्ताहिक, *उत्थान* साप्ताहिक, *राष्ट्रिय* दैनिक, *तराई टुडे* दैनिक र *ग्रामीण समाचार*समेत छओटा पत्रिकाका सम्पादक सुदर्शनराज पाण्डे हुन् । डा सरस्वती नेपाल पाँचओटा पत्रिका *परमाणु* साप्ताहिक, *अशक्ति* साप्ताहिक, *दृष्टि चर्चा* साप्ताहिक, *क्षितिजवारी* साप्ताहिक, *सरस्वती सृष्टि* साप्ताहिकका सम्पादक हुन् । हमिद अन्सारी सम्पादक हुने सौभाग्य पाएका पाँच पत्रिकाको नाम *लिटिल* साप्ताहिक, *जनविश्वास* साप्ताहिक, *देन* साप्ताहिक, *जगदम्बा* साप्ताहिक र *ओह्वाली* साप्ताहिक हो । *मध्यएसिया* साप्ताहिक, *फाइल* साप्ताहिक, *मिसन* साप्ताहिक, *निसाना* साप्ताहिक र *गुप्तचर* साप्ताहिक पाँचओटा पत्रिकाका प्रकाशक/सम्पादक रविन्द्र अर्याल हुन् । *महाशक्ति*, *रक्तचन्दन*, *अग्नि रिपोर्ट* र *राज* साप्ताहिकको सम्पादकमा पशुपति नहर्कीको नाम उल्लेख छ ।

वीरगञ्जमा कति पत्रकार छन् भन्ने कुरा अनुमान मात्र गर्न सकिन्छ । नेपाल पत्रकार महासङ्घ, प्रेस युनियन, प्रेस चौतारी, पत्रकार मञ्च, राष्ट्रिय फोटो पत्रकार समूह, शाही शासनमा सक्रिय रहेपनि हाल निष्क्रिय रहेको राष्ट्रिय पत्रकार महासङ्घ र नेपाल फोटो पत्रकार सङ्गठनमा सङ्गठित रहेका मात्र पनि १५० भन्दा बढी छन् । काङ्ग्रेस निकट पत्रकारहरूको सङ्गठन प्रेस युनियनमा २७ जना सदस्य छन्, जसमध्ये १७ जना महासङ्घका सदस्य होइनन् । एमाले निकट प्रेस चौतारीमा ३६ जना सदस्यमध्ये २० जनाले महासङ्घको सदस्यता लिएका छैनन् । सदभावना पार्टीलाई समर्थन गर्ने पत्रकार मञ्चका २६ मध्ये १ जनाले मात्र महासङ्घमा आबद्ध छन्। कतै सङ्गठित नभएका थुप्रै साथीहरू पनि आफूलाई पत्रकारकै रूपमा चिनाउन चाहन्छन्। जिल्ला महासङ्घका सभापति शत्रुघन नेपालका अनुसार वीरगञ्जमा लेखनकर्मी (लेख्ने पत्रकार) चाहिँ ३० को हाराहारीमा मात्र छन् ।[७]

पञ्चायतकालमा अञ्चलाधीश कार्यालयले पत्रकारको परिचय पत्र बोकाएर सुराकी गराउने रणनीति अपनाएकाले त्यतिबेलै वीरगञ्जमा पत्रकार हुँ भन्नेको ठूलै जमात तयार भइसकेको थियो । *प्रतीक* दैनिकका प्रधान सम्पादक जगदीश शर्माका अनुसार २०४६ सालअघि ५० भन्दा बढी 'कार्डबाहक' थिए ।[८]

छयालीस सालपछिको खुकुलो वातावरणमा पत्रिका र पत्रकारको सङ्ख्या ह्वात्तै बढेको हो । पहिलो जननिर्वाचित सरकारले अपनाएको आर्थिक उदारीकरणको नीतिले यहाँ आर्थिक कारोबारले फस्टाउने मौका पायो । खास गरी भारतमा रहेको अत्यधिक भन्सार दरको फाइदा उठाउँदै तेस्रो मुलुकबाट ठूलो परिमाणमा सामान आयात गरी भारत पठाउने धन्दाबाट व्यापारीहरू रातारात करोडपति, केही त अर्बपति नै भए । तस्करी-आधारित यस्तो व्यापारले पत्रकारको सङ्ख्या बढाउन पनि सहयोग पुऱ्यायो । 'इजी मनी' भएकाले पत्रकार हुँ भन्नेलाई दुई/चार पैसा बाँड्न व्यापारीले कञ्जुस्याइँ गरेनन् । व्यापारीको घरदैलो चहारेको भरमा दुई/चार हजार कमाइ भइहाल्ने अवस्थामा पत्रकार पनि च्याउ झैँ उम्रिए ।

तत्कालीन एसएसपी नारायणचन्द ठाकुर वीरगञ्जमा पत्रकारको सङ्ख्या बढाउन सघाउने अर्का हस्ती हुन् । २०५१ देखि २०५३ सम्म २१ महिना यहाँ

---

[७] नेपाल पत्रकार महासङ्घका पर्सा शाखा सभापति शत्रुघन नेपालसित २०६३ फागुन ३० गते भएको कुराकानीमा आधारित ।

[८] शर्मासित २०६३ पुस १५ मा भएको कुराकानीमा आधारित ।

रहेका ठाकुरले प्रत्येक पत्रकारलाई सवारी लाइसेन्स सिफारिस गर्न पाउने गरी कोटा प्रदान गरेका थिए । त्यस बेला पत्रकारले दलालसित सम्पर्क गरी प्रति लाइसेन्स सालाखाला दुई हजार रुपियाँ कमाइ गर्दथे । सुतीसुती पैसा कमाउन पाइने भएपछि पत्रकार बन्ने होडबाजी नै चल्यो ।[९]

वीरगञ्जमा पत्रकार उत्पादन गर्ने अर्को कारखाना हो, भन्सार । मुलुकमै सबैभन्दा बढी राजस्व असुली गर्ने वीरगञ्ज भन्सारले यहाँका दर्जनौँ पत्रकारहरूलाई महिनावारी पैसा उपलब्ध गराउँदै आएको थियो । लेखा शाखाबाट वितरण हुने यस्तो हण्डी थाप्न राजधानीबाट पनि थुप्रै पत्रकारहरू वीरगञ्ज धाउँथे । भन्सारको भ्रष्टाचारबारे समाचार प्रकाशित नहोस् भनेरै यसरी रकम वितरण गरिएको बुझ्न गाह्रो छैन । २०६० साल माघमा बोधराज निरौला प्रमुख नहुँदासम्म वीरगञ्ज भन्सारबाट हण्डी बाँडिएको थियो ।

प्रशासक र प्रहरीहरूले वीरगञ्जमा पत्रकारितालाई विकृत बनाउन थुप्रै मलजल गरेका छन् । छोटो समयको वीरगञ्ज बसाइमा धेरै पैसा कमाउनुपर्ने दबाबमा रहने प्रशासक र प्रहरी हाकिमले पत्रकारलाई सुराकीको रूपमा प्रयोग गरेको समेत पाइन्छ । पत्रकारले कुनै अवैध धन्दाको सुराकी गर्ने, त्यही सूचनाको आधारमा जिल्ला प्रशासन कार्यालय/प्रहरीले छापा मार्ने र त्यसबाट भएको आम्दानीबाट केही प्रतिशत पत्रकारलाई दिने चलन एकताका थियो । २०५५ सालदेखि २०५८ सम्म निकै फस्टाएको यस्तो धन्दा २०६० सम्म चलेको थियो । २०६० पुस १ गते निलम्बित भई पर्सा जिल्ला छाड्नु भन्दा दुई दिनअघि तत्कालीन प्रमुख जिल्ला अधिकारी धरणीधर खतिवडाले पत्रकारको एउटा समूहसँगको मिलोमतोमा ईशा हार्डवेयरका सञ्चालक दीपक अग्रवाललाई आफ्नै क्वार्टरमा थुनेर ७० हजार रुपियाँ असुल गरेका थिए । त्यसमध्ये ३५ हजार रुपियाँ 'बाँड्नू' भनी उनले सोही समूहका एकजना पत्रकारलाई सुम्पेका थिए ।[१०]

२०६२ साल वैशाखमा पर्साको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हालेका नवीनकुमार घिमिरेको पालामा भने यो धन्दा निरुत्साहित भयो । उनले आफ्नो कार्यकालमा, व्यापारीले पैसा नदिएको झोकमा गलत सूचना दिई छापा मार्न उक्साउने तीन जना पत्रकारलाई चिठी काटेर जिल्ला कार्यालयमा हाजिर हुन

---

९ २०६३ पुस १५ मा पत्रकार चन्द्रकिशोर झासितको कुराकानी तथा आफ्नै अवलोकनमा आधारित ।

१० यो कुरा उक्त रकमबाट चार हजार रुपियाँ पाउने एकजना सञ्चारकर्मीले नाम उल्लेख नगर्ने सर्तमा बताएका हुन् । पीडित दीपक अग्रवालले भने बिर्सिसकेको कुरा नउप्काउन अनुरोध गर्दै यसबारेमा कुरा गर्न चाहेनन् ।

आदेश दिएका थिए । तीमध्ये दुई जना फरार भए भने एकजनालाई घिमिरेले आइन्दा यस्तो गल्ती गर्दिनँ भन्ने व्यहोराको कागज गराएका थिए ।[११]

## *'दशैँ खर्च' को परम्परा*

दशैँको समय भनेको वीरगञ्जका पत्रकारको लागि किसानको मङ्सिर जस्तै हो, वर्षभरि खाने धान भित्र्याउने समय । दशैँका बेला खर्च माग्नुलाई यहाँ सञ्चारकर्मीले अधिकारकै रूपमा लिएको पाइन्छ भने व्यापारिक समुदायले पनि दशैँ खर्च दिनु आफ्नो कर्तव्य सम्झिसकेका छन् भन्दा फरक पर्दैन । तर सबैखाले कार्डबाहक दशैँमा सक्रिय हुँदा व्यापारी समुदाय आतङ्कित हुने गरेको पनि पाइन्छ ।

वीरगञ्जमा पत्रकारलाई दशैँ नौरथा होइन सोह्र सराददेखि नै लागिसक्छ । सोह्र सराद लागेदेखि नै व्यापारिक फर्महरू चाहार्दै दशैँ खर्च असुल्न उनीहरू व्यस्त हुन्छन् । यो क्रम तिहारसम्मै चल्ने गर्छ । दशैँ खर्च असुल्ने दुई तरिका प्रचलित छन् । एउटा, सोझै दशैँ खर्च मागेर; दोस्रो, अनुमतिविना शुभकामना विज्ञापन प्रकाशित गरी त्यसबापत पैसा मागेर । स्थानीय प्रशासन, प्रहरी, भन्सार, कर, बैंकका अधिकारीहरूलाई दशैँ खर्च दिने व्यापारी-व्यवसायीहरूले उल्लेखनीय सङ्ख्यामा पत्रकारलाई पनि यस्तो खर्च दिने गरेका छन् । फरक कति मात्र छ कि हाकिम सा'बहरूको लागि बन्द खाम सहित उपहारको पोको उनीहरूको कार्यालय/निवासमै पुग्छ भने पत्रकारहरू दैलो-दैलो चहार्छन् ।

यो आलेख तयार गर्ने सिलसिलामा भेटेकामध्ये वीरगञ्जका एक धनाढ्यका अनुसार उनी दशैँको बेला एक सयको हाराहारीमा बन्द खाम वितरण गर्छन् जसमध्ये एक चौथाई पत्रकारको लागि छुट्ट्याइएको हुन्छ । यसलाई उनले 'पिता-पुर्खादेखिको चलन' बताए भने सोही औद्योगिक घरानाका युवा सदस्यले चाहिँ 'वर्षमा एकपटक ग्रहशान्ति गरेको' टिप्पणी गरे । अर्का एक धनाढ्यले भने एक सयभन्दा बढी पत्रकारलाई दशैँ खर्च दिने गरेको जानकारी गराएका छन् ।[१२]

## *राजधानीको सिको*

देशभरिका पत्रकारले पहिलोपल्ट आफ्ना लागि आफैँ आचारसंहिता (२०५०) घोषणा गरेको ठाउँ वीरगञ्ज नै हो । त्यही वीरगञ्जमा आचारसंहिताको व्यापक

---

[११] घटना २०६२ साल मङ्सिर महिनातिरको हो भन्ने हाल अध्यागमन विभाग महानिर्देशक रहेका तत्कालीन प्रजिअ घिमिरेको भनाइ छ ।

[१२] दशैँमा आफूले पैसा बाँडेको कुरा बताए पनि पत्रकार समुदायसँग अनावश्यक दुश्मनी किन मोल्ने भन्दै उनले नाम उल्लेख नगर्न अनुरोध गरेका छन् ।

उल्लङ्घन भएकोमा दुईमत छैन । यसको अर्थ अन्य ठाउँ विकृतिमुक्त छन् भन्ने चाहिँ होइन । अझ नढाँटी भन्ने हो भने, यहाँको विकृतिको पथप्रदर्शक राजधानी नै हो । वीरगञ्जका कर्मचारीबाट राजधानीका उच्च हाकिमहरूले कमिशन खोजे जस्तै, वीरगञ्जका रिपोर्टरबाट उल्टै नजराना अपेक्षा गर्ने राजधानीकै सम्पादक महोदयहरू हुन् । विगतमा वीरगञ्जस्थित थुप्रै संवाददाताको कोसेलीको पोको नियमित रूपमा राजधानी पुग्थ्यो । संवाददाताले पठाइदिएको नयाँ लुगा लाएर रेड लेबलको चुस्की नलिई कतिपय सम्पादकहरूको दशैं रमाइलो हुँदैनथ्यो ।

जबर्जस्ती पत्रिकाको ग्राहक बनाउने र शुभकामना विज्ञापन छापेर पैसा उठाउने कला सिकेको पनि वीरगञ्जले राजधानीबाटै हो । मेचीदेखि महाकालीसम्म चर्दै हिँडेको कारण वीरगञ्ज धेरै बदनाम भएको छ। तर यो संस्कृति पनि वीरगञ्जको मौलिक होइन, राजधानीकै देन हो । अहिले पनि काठमाडौंबाट गाडी हुइँक्याउँदै चर्न वीरगञ्ज आइपुग्ने चलन रोकिएको छैन । यसरी चर्न आउनेमा संवाददाता र सम्पादकदेखि सञ्चार संस्थाका प्रमुखहरूसम्म हुन्छन् ।[१३] यद्यपि, राजधानीका सबै सञ्चारकर्मी यस्ता छैनन् । व्यावसायिक पत्रकारका रूपमा नाम कमाएकाहरू यस्तो धन्दामा सरिक भएको पाइँदैन ।

वीरगञ्जले बदनामी बेहोर्नुमा आफूलाई अरूभन्दा विशिष्ट देखाउन चाहने प्रदर्शनमुखी व्यवहारको पनि त्यत्तिकै भूमिका छ। कुनै ठाउँमा पत्रकारको सम्मेलन, महाधिवेशन हुँदा केही वर्ष अघिसम्म अरूतिरका सञ्चारकर्मी बसबाट पुग्थे भने वीरगञ्जकाहरू जीप हुइँक्याउँथे । पत्रकारिता सुरु गरेपछि म सहभागी भएको पहिलो पेशागत भेला २०५५ सालमा घोराहीमा सम्पन्न प्रेस युनियनको महाधिवेशन थियो । त्यसका सबैजसो सहभागी बस चढेर त्यहाँ पुगेका थिए; वीरगञ्ज र अन्य एकदुई ठाउँका चाहिँ टाटा सुमोमा सवार थिए ।

२०५७ सालमा पत्रकार महासङ्घको १८ औं महाधिवेशनमा सहभागी हुन प्लेनमा सवारी भई राजधानी पुगेपछि वीरगञ्जका पत्रकारले अझ बढी बदनामी कमाएका हुन् । त्यस बेला राजधानीबाट प्रकाशित हुने *महानगर*मा वीरगञ्जका पत्रकारहरू सिङ्गो प्लेन नै चार्टर गरेर आएका भन्ने समाचार छापिएको थियो । महासङ्घका तत्कालीन पर्सा सभापति दीपेन्द्र चौहान भने प्लेन चार्टर नै गरिएको

---

[१३] वीरगञ्ज भन्सारका तत्कालीन प्रमुख बोधराज निरौलाका अनुसार २०६१ सालमा प्रेस काउन्सिलको नेतृत्व सम्हालेका एक सञ्चारकर्मीले उनलाई 'रक्सौलमा किनमेल गराइदिन' भनेका थिए, जसलाई उनले विनम्रतापूर्वक अस्वीकार गरेका थिए । निरौलाले ती सञ्चारकर्मीको नाम उल्लेख नगरिदिन अनुरोध गरेका छन् ।

चाहिँ होइन, बरु ट्वीनअटर जहाजका सबै १८ सीटको टिकट खरिद गरिएको हो भन्ने जानकारी दिन्छन् । चौहानका अनुसार, काठमाडौँ-सिमराको एउटा टिकटको मोल त्यस बेला सात सय रुपियाँभन्दा कम थियो र सबै टिकट खरिद गर्दा एउटाको मूल्य तिर्नु पर्दैनथ्यो ।

## सन्तोष मान्ने ठाउँ

पञ्चायतकालमा स्थानीय पत्रिका थोरै भए पनि तिनले यहाँका विकृति उजागर गर्न बाँकी राखेका थिएनन् । आजभोलि पत्रिका र पत्रकारको सङ्ख्या ठूलो भएकाले गर्दा भ्रष्टाचार/अनियमितता प्रेसको नजरबाट लुक्न नसक्ने अवस्था छ । उच्च ओहोदामा बसेकाहरूले केही पत्रकारलाई पैसा ख्वाएर ढाकछोप गर्न अनेकौँ कोसिस गर्दा पनि त्यस्तो क्रियाकलाप कुनै न कुनै अखबारको न्यूज भएरै छाड्छ । विकृतिको दाग सबै सञ्चारकर्मीमा लागिसकेको छैन । वीरगञ्जमा व्यावसायिक मर्यादालाई महत्त्व दिँदै पत्रकारिता गर्नेको जमात पनि छ ।

सहरमा फोटो पत्रकारहरूको राम्रो समूह तयार भइसकेको छ । राष्ट्रिय फोटो पत्रकार समूहको उपत्यकाबाहिर पहिलो शाखा वीरगञ्जमै गठन भएको थियो । समूहका पत्रकारहरूले जनआन्दोलन-२ मा उदाहरणीय कार्य गरे । मधेश आन्दोलनमा प्रदर्शनकारी र सुरक्षाकर्मीको दोहोरो कुटाइ एवं दुर्व्यवहारले पनि उनीहरूको उत्साहलाई मार्न सकेन । तिनले खिचेको दर्जनौँ तस्वीर भारतीय अखबार र म्यागेजिनका साथै अन्य विदेशी न्यूज एजेन्सी- एएफपी र रोयटर्सले समेत प्रयोग गरेका थिए । राष्ट्रिय फोटो पत्रकार समूहका अध्यक्ष विकास रौनियारका अनुसार काठमाडौँबाहिरको हिसाब गर्दा न्यूज फोटोमा वीरगञ्ज विराटनगरसँगै एक नम्बरमा पुगेको छ ।[१४]

गलत र असामाजिक तत्त्वहरूले पत्रकारितामा प्रवेश पाउनु हुँदैन । तर कानूनले यसमा प्रवेश गर्न कसैलाई नरोकेको कारण लागू औषधको कारोबारमा सजाय पाइसकेका र विभिन्न अपराधमा संलग्नहरू समेत पत्रकारको परिचय पत्र बोकेर हिँडिरहेको देखिन्छ ।[१५] त्यस्ता व्यक्तिलाई पत्रकारको 'मान्यता' दिइएको देख्ता पेशागत मर्यादामा अडिग रहेकाहरूले कतिपय ठाउँमा आफूलाई पत्रकारको

---

[१४] रौनियारसित २०६३ चैत १ मा गरिएको टेलिफोन कुराकानीमा आधारित ।

[१५] पत्रकार नेहाल खानविरुद्ध वीरगञ्ज मूर्लीका हरिहर मेहतालाई अपहरण गरेको किटानी जाहेरी परेपछि २०६३ भदौ ११ गते उनी पक्राउ परेका थिए । स्थानीय सञ्चारकर्मीहरूका अनुसार खान यसअघि लागु औषध ओसारपसार गरेको सावित भई जेलजीवन बिताइसकेका व्यक्ति हुन् ।

रूपमा परिचित गराउन पनि लज्जाबोध गर्ने गरेको छन् ।[१६] यस्तो अवस्थाबाट पार पाउन वीरगञ्जका व्यावसायिक पत्रकारहरूले आफैँ सङ्गठित प्रयास गर्नुपर्ने हुन्छ ।

## हिँड्नुपर्ने बाटो

अरूका रौँ-रौँ केलाउँदै हिड्छौँ हामी पत्रकार । तर आफ्नै पेशामा भएका विकृतिमा यी कलम चलाउँदैनौँ । यस्ता विकृतिको पनि रौँचिरा प्रस्तुति र त्यसबारे छलफल गर्न थाल्ने हो भने पत्रकारितालाई सफा, मर्यादित, विश्वसनीय र प्रभावकारी बनाउन ठूलो योगदान पुग्नेछ । विनाआधार तथानाम गालीगलौज गर्नेमाथि कारबाही गर्ने प्रावधान कानूनमा छ; प्रेसको अमर्यादित क्रियाकलाप विरुद्ध परेको उजुरी सुन्ने र कारबाही गर्ने प्रावधान प्रेस काउन्सिल ऐनमा छ ।[१७] प्रभावकारी कार्यान्वयन गर्ने गराउने वातावरण बनाएर पनि यस्ता विकृतिको न्यूनीकरण गर्न सकिन्छ ।

वीरगञ्ज आर्थिक समाचारको खानी हो । तर, यहाँको पत्रकारिता बदनाम भएकाले शिक्षित युवाहरूलाई यस पेशाले खासै आकर्षित गरिरहेको छैन । अझ आर्थिक पत्रकारिता गर्न सक्षम व्यक्तिहरूको त खडेरी नै छ । शिक्षित युवाहरूलाई यसतर्फ आकर्षित गर्न सक्ने हो भने आर्थिक पत्रकारितामा वीरगञ्जले नयाँ क्षितिज उघार्न सक्छ ।

वीरगञ्जको विशाल औद्योगिक/व्यापारिक क्रियाकलापको सदुपयोग यहाँको पत्रकारिताले गर्नै जानेन । यहाँ विज्ञापनको ठूलो बजार मात्र उपलब्ध छैन, वातावरण भए सञ्चारमाध्यममा लगानी गर्न उत्सुक धनाढ्यहरूको कमी पनि छैन । पत्रकारहरूबीच अस्वस्थ्य प्रतिस्पर्धा मात्र बन्द हुने हो भने त्यस्तो वातावरण सहजै बन्न सक्छ । एउटा पत्रिकामा विज्ञापन दिएकै कारण अर्कोको निसानामा पर्न बन्द हुने हो भने विज्ञापनको ठूलो बजार स्थानीय पत्रकारितासित जोडिन तम्तयार छ ।

सीमापारिका भोजपुरीभाषीलाई समेत आकर्षित गर्न सफल स्थानीय एफएम स्टेसनका लागि सीमावर्ती भारतीय क्षेत्र ठूलो विज्ञापन बजार हुने टड्कारो सम्भावना छ । एफएम स्टेसनमा काम गर्ने शिक्षित युवाहरूको सङ्ख्या वृद्धि हुँदै

---

[१६] २०५८ साल भदौमा माइस्थानमा पसलको सटर तोडेर चोरी गर्न खोज्दा पक्राउ परेका दुई चोरसित स्थानीय *सचेतना* साप्ताहिकको संवाददाता परिचयपत्र फेला परेको थियो ।

[१७] प्रेस काउन्सिल ऐन २०४८ को दफा ७ (ङ) ।

जाँदा अव्यावसायिक हर्कतहरू घट्दै जाने अपेक्षा गर्न सकिन्छ । लोकतन्त्र शुद्ध भएर सहरमा अवैध कारोबार कम हुँदै गयो भने समग्र वीरगञ्जीया पत्रकारिताको विकृति पनि कम हुँदै जाने निश्चित छ । साथै, स्थानीय व्यवसायी र स्थानीय सञ्चार क्षेत्रबीच असल व्यावसायिक सम्बन्ध विकास हुन सके वीरगञ्जको पत्रकारिताको भविष्य उज्ज्वल छ ।

## सन्दर्भ सामग्री

झा, चन्द्रकिशोर । २०५८ । वीरगञ्जेली पत्रकारिताः एक अभिरेखाङ्कन । *क्षेत्रीय मिडियाः विगत र वर्तमान* । प्रत्यूष वन्त, सं., पृ. ८७-९६ । काठमाडौँः मार्टिन चौतारी/सामाजिक विकास तथा अनुसन्धान केन्द्र ।

प्रेस काउन्सिल नेपाल । २०६३ । वार्षिक प्रतिवेदन २०६३ (सन् २००६) । अनुसूची ५ (ग) हुबहु प्रकाशित पत्रपत्रिकाहरू, पृ. २५४-२५५ । काठमाडौँः प्रेस काउन्सिल नेपाल ।